का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ भदौ २०८०,
शुक्रबार
18 August 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २०४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# भारतसँग सम्बन्ध सुधारको प्रयासमा ओली

नेपाल र भारत सम्बन्ध कुनै कारणले, थोरै घोचपेच भए पनि यसलाई स्थायीरुपमा कसैले बिगार्न सक्दैन । यो प्रकृतिले बाँधेको, समाज र इतिहासले बनाएको सम्बन्ध हो । हाम्रो ट्रेडिशन हो - कृष्ण र सुदामा भेट हुँदा को राजा महाराजा, को गरिब ? को कृष्ण, को सुदामा ? त्यो भेद रहेन । दुवैले अंकमाल गरे । हाम्रो त्यो प्रकारको फ्रेन्डसिप हो ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।

'नेपाल-भारतबीचको मित्रतापूर्ण सम्बन्ध कसैले पनि बिगार्न सक्दैन' बुधबार नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक रुपमा भने । संघीय संसदमा जारी अवरोध सरकारका कारणले भएकोदेखि उच्च स्तरीय छानबिन समिति गठन नहुँदा साउन २ गते बरामद भएको झण्डै एक सय किलो सुन ६१ किलोमा झरेको जस्ता टिप्पणी गरेका ओलीले नेपाल र भारतको सम्बन्ध पनि सम्झिए । पगाल्नु अगाडिको ब्रेक सु झण्डै एक सय किलो भनिएको र पगाल्दा सुन ६१ किलो भएको यथार्थमा समेत अनावश्यक टिप्पणी गरेको भनी ओलीको आलोचना भएपनि उनले नेपाल भारत सम्बन्धबारे सार्वजनिक गरेको अभिव्यक्ति निकै अर्थपूर्ण छ ।

दुई मुलुकबीचको सम्बन्ध कहिले काहीँ केही कारणले सानातिना दरार भए पनि सम्बन्धलाई स्थायी रूपमा सधैँका लागि कसैले पनि बिगार्न नसक्ने अध्यक्ष ओलीको भनाइ थियो । दुई मुलुकबीचको सम्बन्धलाई खटपट हुन दिनु वाञ्छनीय नहुनेमा उनको जोड थियो ।

अध्यक्ष ओलीले दुई मुलुकबीच देखिएका विद्यमान समस्या खुलस्त कुराकानी गरेर समाधान गर्नुपर्ने पनि दोहोर्याए । उनले न्याय र अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई केन्द्रमा राखेर दुई मुलुकले आफ्नो सम्बन्धलाई अगाडि बढाउनुपर्ने बताए ।

नेपाल र भारत बीचको सम्बन्ध अत्यन्त पुराना मित्रहरूको प्रकृतिले दिएका मित्रहरू, इतिहासले बनाएका मित्रहरू भएको उल्लेख गर्दै अध्यक्ष ओलीले भनेका छन्, 'नेपाल र भारत बीचको सम्बन्ध कहिले कहिले, कुनै कुनै कारणले, थोरै घोचपेच भए पनि यस सम्बन्धलाई स्थायी रूपमा सधैँका लागि कसैले पनि बिगार्न सक्दैन । किनभने यो प्रकृतिले बाँधेको सम्बन्ध हो । यो समाजले बनाएको सम्बन्ध हो । यो इतिहासले बनाएको सम्बन्ध हो ।'

नेपाल र भारतको सम्बन्ध कसैले निर्माण गरेको, कुनै राज्यले निर्माण गरेको भन्दा अगाडिको सम्बन्ध भएको उलेख गर्दै उनले थपेका छन्, 'त्यसकारण नेपाल भारत सम्बन्ध बिगार्नै नसक्ने खालको सम्बन्ध हो । अव यसलाई खटपट हुन दिनु वाञ्छनीय हुँदैन ।'

पारस्परिक सहयोग, साथ, पारस्परिक लाभको आधारमा एक अर्कालाई सर्पोट गर्ने र एक अर्काको सम्मानका साथ अगाडि बढ्न आवश्यक रहेको उनको भनाइ छ । अध्यक्ष ओलीले आफूहरू सधैँ समानता, पारस्परिक लाभ र सम्मानको पक्षमा रहेको बताए ।

अझ अगाडि बेर ओलीले भनेका छन् 'भारतसँगको सम्बन्धलाई साँच्चैको मित्रताको रूपमा अगाडि बढाउन चाहन्छौँ । हाम्रो ट्रेडिशन के हो भने कृष्ण र सुदामा भेट हुँदा को राजा महाराजा, को गरिब ? को कृष्ण, को सुदामा ? त्यो भेद रहेन । दुवैले अंकमाल गरे । हो, त्यो प्रकारको फ्रेन्डसिप हुन्छ ।' अध्यक्ष ओलीले भारतले ठूलाठूला प्रगति गरेको उल्लेख गर्दै खुशी समेत व्यक्त गरे । उनले दुवै छिमेकी सँगै हिँड्नु अनिवार्य शर्त भएको बताउँदै यसको कुनै विकल्प नरहेको जिकिर गरे । संघदेखि प्रदेशसम्मै सत्ता बाहिर पुगेपछि >>> पृष्ठ २ मा

संघदेखि प्रदेशसम्मै सत्ता बाहिर पुगेपछि निरन्तरजसो प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष ओली भारतबारे टिप्पणी गरिरहेका छन् । विगतमा भारतीय नाकाबन्दीविरुद्ध अडान लिएर राष्ट्रवादी नेताको छवि बनाएका ओली पछिल्लो समय हरेकजसो राजनीतिक किचलोमा बोल्दा पनि नेपाल-भारत सम्बन्ध सम्झिन्छन् ।



# रेशम चौधरीको माफीमाथि गम्भीर प्रश्न

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट रेशमलाल चौधरी लगायतले पाएको माफीका सम्बन्धमा गम्भीर प्रश्न खडा हुने गरी टीकापुर घटनाको सम्बन्धमा परेको मुद्दामा सर्वोच्च अदालतबाट पूर्णपाठ आएको छ ।

रेशमलाल चौधरी सहितकाव्यक्तिहरु प्रतिवादी रहेको टीकापुर घटनाको २३० पृष्ठ लामो पूर्णपाठमा अदालतले आपराधिक घटनालाई राजनीतिक आवरण दिएर अपराध गर्नेलाई राज्यले नै संरक्षण गर्न नहुने प्रष्ट भनेको छ ।

२०७२ भदौ ७ गते कैलालीको टीकापुरमा संहारमा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लक्ष्मण न्यौपानेसहित ९ जनाको हत्या भएको थियो । उक्त घटनाका मुख्य योजनाकार भनिएका रेशमलाल चौधरीलाई कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायलले दोषी ठहर गरेको थियो ।

तर व्यक्ति हत्याको घटनामा आफ्नो संलग्नता नभएको र घटना भएको समयमा आफू टीकापुरभन्दा बाहिर रहेको भन्दै चौधरीले सर्वोच्च अदालतमा सफाईका लागि पुनरावेदन गरेका थिए । उक्त मुद्दामा सर्वोच्च अदालतले २०७८ जेठ २ गते गरेको फैसलामा उच्च अदालतको फैसलालाई केही उल्टी गर्दै रेशमलाल चौधरीलाई दोषी ठहर गर्ने जिल्ला र उच्च अदालतको फैसला सदर गरेको थियो भने केही प्रतिवादीलाई सफाई दिएको थियो ।

उक्त फैसलाको पूर्णपाठ सार्वजनिक भएको छ । जहाँ सर्वोच्च अदालतले राजनीतिक घटना र आपराधिक घटनामा भिन्नता रहेको, आपराधिक घटनालाई राजनीतिक घटना भन्दै उन्मुक्ति दिन नमिल्ने नजिरसहितको फैसला दिएको हो ।

पुनरावेदक प्रतिवादी रहेका रेशमलाल चौधरीले टीकापुर घटनालाई राजनीतिक घटना भन्दै सबैले उन्मुक्ति पाउनुपर्ने जिकिर लिएका थिए । सर्वोच्च अदालतले टीकापुर घटनालाई राजनीतिक हो कि आपराधिक घटना हो भनेर स्पष्ट हुने गरी फैसलामा उल्लेख गरेको छ ।

फैसलाको प्रकरण ३४३ मा घटनालाई कसरी हेर्ने भनेर तीन कोणबाट विश्लेषण गरिएको छ । जहाँ टीकापुर घटनालाई फौजदारी कानून (आपराधिक घटना)का रुपमा हेर्नुपर्ने उल्लेख गरिएको छ ।

फौजदारी कसुरमा पीडित पक्ष पनि रहने भन्दै तीनैपक्षको सम्बोधनबिना फौजदारी न्याय प्रभावकारी नबन्ने फैसलामा उल्लेख छ । फौजदारी कानून उल्लंघनलाई राजनीतिक प्रकृतिको कसुर भनी कानून बमोजिम कारवाही र किनारा नगर्दा अभियुक्तको स्वार्थको सम्बोधन भए पनि राज्य र पीडित पक्षको न्यायोचित सरोकार सम्बोधन नहुने भनिएको छ ।



फौजदारी कानूनको उल्लंघनको विषय वा मुद्दालाई राजनीतिक सौदाबाजीको विषय बनाएर मुद्दा चल्नै नदिनु वा चलेको मुद्दा फिर्ता लिनु कानूनी व्यवस्थाको उल्लंघन र उपहास हुने फैसलाको पूर्णपाठमा उल्लेख छ ।

फौजदारी कानूनको उल्लंघनको विषय वा मुद्दालाई राजनीतिक सौदाबाजीको विषय बनाएर मुद्दा चल्नै नदिनु वा चलेको मुद्दा पनि फिर्ता लिनु कानूनी व्यवस्थाको उल्लंघन र उपहास हुने फैसलामा उल्लेख गरिएको छ । त्यस्ता जघन्य फौजदारी कसुरमा संलग्न व्यक्तिहरुलाई माफी वा मिनाहा दिने कुरा संविधान, कानून र न्यायका मान्य सिद्धान्त विपरीतका कार्य हुने उल्लेख छ ।

गणतन्त्र दिवसका अवसरमा गत जेठ १५ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट जन्मकैदको सजाय काटिरहेका >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संघ र मलेसियाको पीआईकेमबीच दश बुँदे सहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ साउन



नेपाली वैदेशिक रोजगार व्यवसायी र नेपालबाट मलेसिया कामदार लैजाने मलेसियन वैदेशिक रोजगार व्यवसायीबीच स्वच्छ एवम् मर्यादित कामदार भर्नासहित आपसी सम्बन्ध सुदृढ गर्न १० बुँदे सहमति भएको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघका पदाधिकारीहरु मलेसियामा रहेको समयमा बिहीबार मलेसियको पेरसातौन इण्डस्ट्रीज केसेलामतान (पीआईकेम)सँग मलेसियाको रोजगारीका विविध पक्षमा छलफल भइ १० बुँदे सहमति भएको हो ।

सहमति पत्रमा नेपालबाट कामदार लैजाने सिलसिलामा देखिएका अप्ठ्याराहरु फुकाउने तथा मलेसियाका रोजगारदाता उद्योग व्यवसायी संघ संस्थाहरुसँग निरन्तर मैत्रीपूर्ण सम्बन्ध, छलफल र सहकार्य गरी वैदेशिक रोजगार व्यवसायी र रोजगारदाताबीच मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्ने उल्लेख छ । सहमतिमा मलेसियामा निकट भविष्यमा गरिने जब फेयरसम्बन्धी विषय पनि समेटिएको छ ।


दुवै पक्षले कामदारको सहज भर्नामा अनुभव तथा दृष्टिकोण आदानप्रदान गर्ने, मलेसियामा दर्ता नभएका एजेन्टहरुलाई निरुत्साहित गर्ने, एजेन्सीमार्फत भर्ना तथा छनोट भएका कामदारहरुको कल्याणकारी पक्षको जिम्मेवारी लिने, एकअर्का संस्थाको संस्थागत पहिचान र सदस्यहरुबीचको सम्बन्ध सुदृढ गर्ने पनि सहमतिमा उल्लेख छ ।

त्यसैगरी अन्य सरकारहरुसँग सम्पर्क बढाउने, कामदारको भर्ना प्रक्रियापछि उत्पन्न हुने समस्याहरुमा एकअर्कालाई समर्थन गर्ने, संघ र पीआईकेमबीच एक भरपर्दा र विश्वसनीय सञ्चार च्यानल स्थापना गर्ने, भर्ना प्रक्रियाभित्र प्रतिबन्धित सिन्डिकेट वा अवैध अभ्यासहरु >>> पृष्ठ २ मा

## देशभर फैलियो डेंगु

# साढे १२ हजार संक्रमित

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।



बढीभन्दा बढी मानिस सिकिस्त भएको र मृत्युदर उच्च भएको अवस्थालाई महामारी भन्न सकिन्छ, तर अहिले संक्रमण नियन्त्रणमा नै छ ।

■ **डा. रुद्रप्रसाद मरासिनी**
**निर्देशक, इडीसीडी**

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)क अनुसार पछिल्ला दुई महिना नेपालमा डेंगु संक्रमण तीव्ररूपमा फैलिइरहेको छ । दुई महिनाकै अवधिमा ७५ जिल्लामा डेंगु संक्रमण देखा परेको छ ।

संक्रमित र मृत्यु हुनेको संख्या बढ्दै जाँदा यो वर्ष पनि डेंगुले उच्च रूप लिने निश्चित चिन्ता इडीसीडीलाई छ । गतवर्षदेखि नेपालमा डेंगु संक्रमण शून्यमा झरेको छैन । हिउँदका पाँच महिना फाट्टफुट्ट देखिएको संक्रमण जुन महिनायता निरन्तर उकालो लागिरेहको छ । जुलाई १ देखि अगष्ट १६ सम्म डेढ महिनामा मात्रै १२ हजार ५८३ जना संक्रमित भएको ईडीसीडीको तथ्यांक छ । अगष्ट १ देखि १६ सम्म ६ हजार >>> पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ भदौ २०८०, शुक्रबार
18 August 2023, Friday

# गौर हत्याकाण्डबारे सत्ता गठबन्धनले गरेको निर्णय गलत: अध्यक्ष साह

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ३२ साउन

आम जनता पार्टीका राष्ट्रिय अध्यक्ष प्रभु साहले गौर हत्याकाण्डका पीडितसँग गरिएको पाँच बुँदे सहमतिलाई बीचमै छोडेर सरकारले गठबन्धनलाई खुसी पार्ने काम गरेको आरोप लगाएका छन् । गृह जिल्ला रौतहटमा शहीद स्मृति बहुउद्देश्यीय भवनको उद्घाटन गर्दै पूर्वमन्त्री समेत रहेका अध्यक्ष साहले २०६३ साल चैत ७ गते भएको नरसंहार गौर हत्याकाण्डका दोषी उपेन्द्र यादवलाई बचाउन सत्ता गठबन्धनले गरेको निर्णय गलत र पीडितको पक्षमा नरहेको बताए । उनले यसको लागि रौतहटका जनताले आवाज उठाउनुपर्ने पनि बताए ।

साहले रौतहट जिल्ला एउटा सम्मानित जिल्ला रहेको र यो धर्ती



सधैं सत्य र न्यायको पक्षमा आवाज उठाउँदै आएकाले गौर हत्याकाण्ड पीडितलाई न्याय दिलाएर नै छाड्ने विश्वास व्यक्त गरे । रौतहटको छविमा लागेको ठूलो दाग मेटाउन र पीडितलाई न्याय दिलाउन एकजुट भएर लाग्न रौतहटबासीलाई अध्यक्ष साहले आग्रह गरे । यही साउन २३ गते सरकार र गौर हत्याकाण्ड संघर्ष समितिबीच भएको ५ बुँदे सहमतिबाट पछाडि भाग्नुको मुख्य कारण सत्तामोह रहेको पीडितहरुले आरोप लगाउँदै आएको साहले भने ।

पीडितहरु अहिले आफ्नै पार्टीको वर्तमान सरकार रहेकाले आफुहरुले न्याय पाउन विश्वस्त रहँदा सत्ता टिकाउनको लागि रातारात छानबिन दायरालाई उल्टाउन सत्ता गठबन्धनले गरेको निर्णयबाट आफुहरु झनै पीडित भएको र अब न्याय पाउन कहाँ जाने भनेर विचलित भएको बताए ।

फरक प्रसंगमा बोल्दै आजपा अध्यक्ष साहले गौर हत्याकाण्डले जबसम्म न्याय नपाए आफु त्यसको लागि चुप लागेर नबस्ने र पीडितको न्यायका लागि सधैं आवाज उठाउने बताए ।

कुल २७ करोड ५६ लाख ४६ हजार ६ सय ३७ रुपैयाँको लागतमा शहरी डिभिज़न वीरगञ्जद्वारा निर्माण भएको नवनिर्मित भवन टिचिङ अस्पतालको लागि सञ्चालन हुने साहले बताए ।

नवनिर्मित भवन पाँच तल्ले भवन रहेको छ । उक्त भवनमा २४ कोठा र ५१ शौंचालयसहित सुविधा सम्पन्न भवन रहेको मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए । मौलापुर नगरपालिकाकी नगरप्रमुख रिना कुमारी साहको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा पूर्व संघीय सांसद समिना हुसैन, पूर्व प्रदेशसभा सदस्य कुन्दन कुशवाहा,आम जनता पार्टीका महासचिव उपेन्द्र साह,स्थायी कमिटी सदस्य एवं कटहरिया नगरपालिकाका पूर्व नगरप्रमुख सियाराम कुशवाहा लगायतका नेताहरुले मन्तव्य राखेका थिए ।

# ‘थाइल्याण्डमा नेपालीको इतिहास’ कृतिको लोकार्पण

**काठमाडौं/मस-** जीवीकाको खोजीमा दशकौं अगाडि थाइल्याण्ड पुगेका नेपालीहरुको विगत र वर्तमान समेटिएका दुई कृति लोकार्पण गरिएको छ । संस्कृतिविद् जगमान गुरुङसहित कुटनैतिक तथा सांस्कृतिक क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुले बिहीबार राजधानीमा आयोजित एक बिशिष्ठ समारोहबीच ती कृतिको विमोचन गरे ।

थाइ नेपाली एशोसिएसनद्वारा प्रकाशित ‘थाइल्याण्डमा नेपालीको इतिहास’ नामक कृतिले कथ्य र सचित्र नेपालीका पीडा र उपलब्धिलाई वर्णन गरेको छ । लोकार्पण कार्यक्रममा लेखक रमेश खड्काले स्थलगत अध्ययन अनुसन्धानपछि लेखिएका कृतिले थाइल्याण्डमा नेपालीको वीरता, पहिचान र पौरखका कथालाई समेटिएको बताए ।




संस्कृतिविद् जगमान गुरुङले नेपालका पूर्वराजाले बुद्धि पुऱ्याउनसके र नेपालीहरुको चेत खुलेको खण्डमा नेपालमा राजतन्त्र फर्किनसक्ने बताए । उनले नेपाल र थाइल्याण्डबीच सबै कुरा समान भएको, तर राजसंस्था नेपालमा नभएको बताए ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नेपालीले मान्छे बेचेर खाने गरेको उल्लेख गर्दै नेपालमा राजा आएसँगै नेपाल र थाइल्याण्ड पुनः सबै किसिमबाट समान हुने बताए ।

एशोसिएसनका संस्थापक एवम् संरक्षक कुमार कार्कीको स्वागत मन्तव्यका साथै स्वागत गान र नृत्यबाट शुरु भएको कार्यक्रममा वरिष्ठ पत्रकार रामकृष्ण रेग्मी, डा. दिनेश भट्टराईलगायतले कृतिको विविध पक्षबारे प्रकाश पारेका थिए । नरेश भट्टराईद्वारा सञ्चालित कार्यक्रम थाइ नेपाली एशोसिएसनकी अध्यक्ष वासना राईको सभापतित्वमा भएको थियो ।


UAE मा रोजगार | कम्पनी : DAW AL SHAMS CLEANING SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०४/३२ चलानी नं.: ६०२०६३२३ LT. No.: 291056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | female Cleaner | 0 | 5 | | 1100 | ३९,६६६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ८ गते (25 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 402/060/061

N.B. INTERNATIONAL MANPOWER PVT. LTD.
Sinamangal, Kathmandu, Nepal
Mobile 9851022122 | 9851254501 | 9802744144 | 9810023139
9851023100 | 9801023100 (Whatsapp 9823203060)
Email: n.binternationalmanpowerpvt.ltd@gmail.com, fishtailopt@gmail.com
Website: www.nbinternationalmanpower.com.np


# अमेरिकामा अवार्ड पाउन सफल नेपालीलाई बधाई तथा सम्मान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ साउन

अधिकारकर्मी सरस्वती नेपालीले दलितहरुमाथि व्यवस्था परिवर्तन भएपनि व्यवहारमा भने परिवर्तन हुन नसकेको बताएकी छन् । राष्ट्रिय दलित पत्रकार संघ नेपाल, प्रेस सर्कल नेपालको आयोजना तथा एनआरएनए नन रेसिडेन्ट नेपाली एशोसिएशनको प्रवर्द्धनमा बिहीबार आयोजित बधाई तथा सम्मान कार्यक्रममा बोल्दै उनले त्यस्तो बताएकी हुन् । उनले आफूले सम्मान तथा आदर पाउने भनेर अधिकारकर्मी नभएको पनि बताइन् ।

अधिकारकर्मी नेपालीलाई अमेरिकी डिपार्टमेन्ट अफ स्टेटले हालै यस वर्षको ‘ग्लोबल एन्टी-रेसिज्म च्याम्पियन्स अवार्ड’ प्रदान गरेको थियो ।

एक प्रशंसित सामाजिक कार्यकर्ता र दलित समाज विकास मञ्चको अध्यक्षाको रूपमा, सरस्वतीले नेपालमा सीमान्तकृत जाति, अपाङ्ग र गरिबहरूको




मानवअधिकारको वकालत गर्दै २० वर्षभन्दा बढी समय बिताएको उल्लेख गर्दै अवार्ड प्रदान गरिएको हो ।

सम्मानित अधिकारकर्मी नेपालीलाई बिहीबार अनामनगर स्थित शिक्षा पत्रकार समूहको सभाहलमा सम्मान गरिएको छ। कार्यक्रममा बोल्दै अधिकारकर्मी नेपालीले आफ्ना जीवनमा आइपरेका अनेक कुराको स्मरण गर्दै भावुक बनेकी थिइन् । उनले दलित र दलित महिलाहरुलाई समाजमा हेर्ने नजर अझै परिवर्तन हुन नसकेको बताइन् । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य प्रकाश धौलाकोटी, राष्ट्रिय दलित पत्रकार संघ नेपालका अध्यक्ष विनोद पहाडी, श्रमजीवी-पत्रकार संघ नेपालका अध्यक्ष जन्मदेव जैसी, शिक्षा पत्रकार समूहका अध्यक्ष कृष्ण मल्ल र दलित अधिकारकर्मी तथा अधिवक्ता चक्रमान विश्वकर्मा लगायतले शुभकामना मन्तव्य दिँदै निरन्तर आफ्नो कर्ममा लाग्दा कतै न कतैबाट मूल्यांकन हुने बताएका थिए । उनीहरुले अझै पनि दलितहरुमाथिको विभेद हट्न नसकेको भन्दै यसलाई हटाउन एकजुट हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको सहजीकरण राष्ट्रिय दलित पत्रकार संघ नेपालका वरिष्ठ उपाध्यक्ष गोपाल बराइलीले गरेका थिए ।

## भारतसँग...

निरन्तरजसो प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष ओली भारतबारे टिप्पणी गरिरहेका छन् । विगतमा भारतीय नाकाबन्दीविरुद्ध अडान लिएर राष्ट्रवादी नेताको छवि बनाएका ओली पछिल्लो समय हरेकजसो राजनीतिक किचलोमा बोल्दा पनि नेपाल-भारत सम्बन्ध सम्झिन्छन् ।

तर ओली तिनै नेता हुन जसलाई भारतपरस्त नेताको ट्याग समेत लागेको थियो । २०५४ मा भएको महाकाली सन्धी नेपाली राजनीतिको पेचिलो मुद्दा हो । यो सन्धी गर्ने वा नगर्ने भन्नेमा एमालेभित्र विवाद थियो । ओली सन्धीको पक्षमा बोले । त्यसपछि धेरैले ओलीलाई भारतसँग राम्रो सम्बन्ध रहेको विश्लेषण गर्न थाले ।

नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउनुदेखि लिएर १२ बुँदे सम्झौतासम्ममा ओलीले भारतसँग मिलेर ओलीलेको भूमिका अहिले चर्चा हुने गर्दछ। तर, भारतले चुनाव हारेका माधवकुमार नेपाललाई माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको सहयोगमा संविधानसभा सदस्य बनाएर प्रधानमन्त्रीसम्म बनाएको टिप्पणी पनि नेपाली राजनीतिमा हुन्छ । ओलीलाई त्यसबेला कसैले त्यतिबेला वास्ता गरेन ।

त्यसपछि केपी ओली भारतप्रति चिढिएको बताइन्छ । त्यस यता भारत र ओलीबीच राम्रो सम्बन्ध बन्न नसकेको टिप्पणी नेपाली राजनीतिमा छ । अर्थात, त्यति बेलादेखि नै ओली र भारतको सम्बन्धमा उतार-चढावमा छ ।

दोस्रो संविधानसभा चुनाव जितेपछि ओली शक्तिशाली नेताको रुपमा उदाए। चुनाव जित्ने बित्तिकै उनी झलनाथ खनाललाई हराएर संसदीय दलको नेता बने। त्यसको एकवर्ष पछि भएको पार्टीको नवौं महाधिवेशनबाट पार्टी अध्यक्ष भए । त्यसको एकवर्षपछि देशकै प्रधानमन्त्री भए ।

संविधान निर्माण प्रक्रियालाई स्थगित गर्न भारतले दिएको दबाबलाई ओलीले सिधै अस्वीकार गरेका थिए । त्यसका बाबजुत संविधान निर्माणपछि ओली प्रधानमन्त्री बनेका थिए। तर, त्यति सजिलो तरिकाले उनी प्रधानमन्त्री बन्न सकेनन्। संविधान निर्माणपछि एमाले नेतृत्वमा सरकार गठन गर्ने सहमति कांग्रेसले तोडेको थियो ।

भारत र मधेशवादी दलको सहयोगमा काँग्रेसका तत्कालिन सभापति सुशील कोइरालाले पनि प्रधानमन्त्रीमा उम्मेदवारी दिएका थिए । तर, एमालेलाई माओवादी केन्द्रले साथ दियो। ओली प्रधानमन्त्री बन्न सफल भए ।

नाकाबन्दीका कारण नेपाली जनता आजित भइसकेका थिए । अन्त्यमा नेपाली सेनाका तत्कालिन युद्ध कार्य तथा व्यवस्थापन महानिर्देशक हिमाल थापा भारत गए । त्यसपछि केही घटनाक्रम विकसित भयो र भारत नाकाबन्दी हटाउन तयार देखियो ।

ओली प्रधानमन्त्री हुँदा नेपाल-भारत सीमामा नाकाबन्दी थियो । भारतले मधेशवादी दलको आडमा नाकाबन्दी गरेको एमालेको आरोप थियो । तर, भारतले यो स्वीकार गरेको छैन। संविधान निर्माण कार्य स्थगित नगरेको कारण भारतले नेपालमाथि नाकाबन्दी गराएको बुझाइ एमालेको थियो ।

०७४ को चुनावपछि अहिले झन शक्तिशाली प्रधानमन्त्रीकै रुपमा उदाए । यी सबै प्रगतिमा भारत ओलीका लागि बाधक थियो र ओलीले बाधा तोड्दै जीत निकाल्दै गए। तर जब प्रतिनिधि सभा विघटन गरेर ओली अगाडि बढ्न खोजे त्यसपछि ओलीको एकलौटीमा ब्रेक लागेको छ। ०७९ को चुनाव लगत्तै पुष्पकमल दाहाल नेतृत्वमा सरकार सहागी भएर सातै प्रदेश सरकारमा सहभागी भएको भएतापनि त्यो समीकरण फेरिएसँगै एमाले संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रिय सभाको नेतृत्वमा मात्रै छ । बाँकी सातै प्रदेश र संघीय सरकारमा एमालेको सहभागिता छैन ।

## रेशम...

रेशम चौधरीले कैद माफी पाएका थिए । मन्त्रिपरिषद्को सिफारिसमा चौधरीसहित १९ जनाले कैद सजाय माफी पाएका थिए ।

संविधानको धारा २७६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ३७ तथा जेष्ठ नागरिक ऐनको दफा १२ बमोजिम उनीहरुको बाँकी कैद सजाय माफी भएको सरकारको भनाइ थियो। तर राष्ट्रपति रामचन्द्र पौडेलबाट रेशमलाल चौधरी लगायतले पाएको माफीका सम्बन्धमा गम्भीर प्रश्न खडा हुने गरी टीकापुर घटनाको सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट पूर्णपाठ आएको हो ।

## संघ...

निरुत्साहित गर्ने, मेडिकल अनफिट समस्याको समाधानका लागि सहकार्य गर्ने विषय समेटिएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । गत बिहीबार मलेसियास्थित सी लाइसेन्स होल्डर्स एशोसिएसन (पापस्मा)को आयोजनामा केलाङमा अन्तरक्रिया गरेको संघ प्रतिनिधिमण्डलले गत शुक्रबार मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई भेटेर मागपत्र प्रमाणीकरणमा रहेका समस्यालगायत विभिन्न विषयमा ध्यानाकर्षण गराएको थियो ।

## देशभर...

५१४ जनामा संक्रमण पुष्टि भएको छ। यो सँगै यो वर्ष डेंगु संक्रमितको संख्या १४ हजार ३५७ पुगेको छ। जुनयता मात्रै डेंगुका कारण १२ जनाको मृत्यु भएको छ ।

७५ जिल्लामा फैलिएको डेंगुबाट सबेभन्दा धेरै कोसी र वाग्मती प्रदेश प्रभावित भएका छन् । कोसीमा १० हजार ८१३ र वाग्मतीमा दुई हजार ९ जना संक्रमित भएका छन् । काठमाडौं उपत्यकाका तीन जिल्लामा गरी ४२० जना संक्रममित भएका छन्। १२ जिल्लामा संक्रमितको संख्या डेढसयभन्दा माथि छ ।

समुदायस्तरमा संक्रमण फैलिएको र धेरै जिल्लामा देखिएको अवस्था हेर्दा डेंगुले महामारीको रूप लिएको धेरैको आँकलन छ ।

इडीसीडीका निर्देशक डा. रुद्रप्रसाद मरासिनी भन्छन्, ‘ बढीभन्दा बढी मानिस सिकिस्त भएको र मृत्युदर उच्च भएको अवस्थालाई महामारी भन्न सकिन्छ तर अहिले संक्रमण नियन्त्रणमा नै छ।’ नेपालमा योवर्ष डेंगु संक्रमण असोजमा उच्च बिन्दुमा पुग्ने इडीसीडीको अनुमान छ । केही दिन पानी पर्ने केही दिन घाम लाग्ने मौसम लामखुट्टेको वृद्धिका लागि उपयुक्त मौसम हुने इडीसीडीका अधिकारीहरुको भनाइ छ ।

सन २०२२ मा नेपालमा सबैभन्दा बढी डेंगु संक्रमण फैलिएको थियो । इडीसीडीको तथ्यांकअनुसार सन २०२२ को एक वर्षमा ५४ हजार ७८४ जनामा डेंगु संक्रमण पुष्टि भएको थियो । यो संख्या नेपालमा डेंगु सुरु भएयता (सन २००४) यताकै सबैभन्दा बढी हो। सन २०२२ मा डेंगु संक्रमणबाट ८८ जनाको मृत्यु भएको थियो ।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

प्रकाशित मितिः २०८०/०५/०१

यस कार्यालयबाट मिति २०८०/२/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम E–Bids मार्फत समय सिमा भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम निजहरुको आर्थिक प्रस्ताव मिति २०८०/५/०८ गते दिनको १ बजे कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सारभूतरुपमा प्रभावग्राही देखियका बोलपत्रदाताहरु | |
|---|---|---|---|---|
| १ | NIDO/Dailekh/Works/NCB/01/079-80 | आर सि सि फ्रेम स्टक्चर कार्यालय भवन निर्माण कार्य । | 1 | Papaiya Construction Fungling-4, Taplejung |
| | | | 2 | Subash Nirman Sewa, Surkhet |
| | | | 3 | Ranjit-Ranjan Construction Pvt.Ltd Amarapuri-7 Gulmi |
| | | | 4 | N.K. Thapa Construction Pvt. Ltd, Kathmandu |
| | | | 5 | Sunami Construction Pvt.Ltd Bidur-7 Nuwakot |
| | | | 6 | N.S.T. Construction Pvt. Ltd Nepalgunj Banke |
| | | | 7 | R.B. Construction, Dailekh |

प्रमुख अनुसन्धान अधिकृत



Sirijangha Rural Municipality
Office of The Rural Municipal Executive
Tellok, Taplejung

Invitation for Online Bids

First Date of Publication: - 2080/05/01 (18th – Aug. 2023)

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures Specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| SN | Description of Works | Contract Identification No. | Average Annual Construction Turnover (Nrs) | Specific Construction Experience (Nrs) | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Tellok Ma. Bi. Building at Sirijangha Rural Municipality, Ward No. 4, Tellok. | NCB/Works/Buildings/SRM/01/2080/081 | 2,86,00,000.00 | 3,05,00,000.00 | 11,00,000.00 | 5,000.00 | 2080/05/31 17th Sep 2023 Noon 12:00 | 2080/05/31 17th Sep 2023 Noon 13:00 | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9841710119** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# दुर्गम क्षेत्रको हवाई उडान प्रतिबन्ध हट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ साउन

नेपाल नागरिक उड्डयन प्राधिकरणले दुर्गम क्षेत्रको हवाई उडानमाथि लगाएको प्रतिबन्ध हटाएको छ । प्राधिकरणले उडानसम्बन्धी मापदण्डलाई कडाइका साथ लागू गर्दै देशभरको पहाडी क्षेत्रमा अवस्थित 'सर्ट टेक अफ एन्ड ल्यान्डिङ' (स्टोल) अर्थात् छोटो उडान र अवतरण हुने विमानस्थलमा यसअघि लगाइएको उडान समयावधि हटाएको हो ।



प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार उडान सुरक्षा मापदण्डको कडाइका साथ पालना गर्ने र मौसमअनुकूल उडान गर्ने गरी यसअघिको उडान प्रतिबन्ध हटाइएको छ । यसअघि प्राधिकरणले दुर्गम क्षेत्रका विमानस्थलमा 'अपरेसन आवर'भित्र मात्रै एयरलाइन्सले उडान गर्न पाउने निर्णय गरेको थियो । 'देशका दुर्गम भेगका विमानस्थलमा दिउँसो १२ बजेपछि एरलाइन्सहरूले उडान गर्न पाउनेछन् । तर उडान सुरक्षा मापदण्डको कडाइका साथ लागू गर्ने गरी मात्र उडान गर्न दिइएको हो', प्राधिकरणका सूचना अधिकारी भुलले भने ।

यस्तै प्राधिकरणले देशभरको पहाडी क्षेत्रमा अवस्थित स्टोल उडान सञ्चालनलाई थप सुरक्षित तथा व्यवस्थित गर्नका लागि चार निर्णय गरेको छ । पहाडी क्षेत्रका जनताको हवाई यातायातमा पहुँच वृद्धि गरेर विश्वासनीयता कायम गर्ने उद्देश्यले तत्काल लागू हुने गरी निर्णय लिइएको प्राधिकरणले जनाएको छ । प्राधिकरणले छोटो उडान र अवतरण हुने विमानस्थलमा अतिरिक्त समयमा उडान सञ्चालन गर्नुपूर्व गन्तव्य, हवाईमार्ग र वैकल्पिक विमानस्थलमा भएको मौसमको दृश्य मौसमी अवस्था 'भिएमसी मिनिमा' कायम भएको सुनिश्चित गरी प्रमुख चालक र डिस्प्याचरको लिखित घोषणापश्चात मात्र उडान अनुमति प्रदान गर्ने निर्णय गरेको छ।

प्राधिकरणको निर्णयानुसार उडान गर्दा प्रत्येक उडानमा नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन नियमावलीमा भएअनुसारको 'भिजिबिलिटी एन्ड डिस्ट्यान्स फ्रम क्लाउड मिवनमा'को सुनिश्चिततापश्चात पिआइसी सम्पूर्णरूपमा सन्तुष्ट हुनुपर्नेछ ।

नेपालगन्ज विमानस्थलबाट छोटो उडान र अवतरण विमानस्थलमा उडान गर्ने वायुसेवा कम्पनीले नेपालगन्ज विमानस्थलमा अनिवार्य 'उडान सञ्चालन अधिकारी'को व्यवस्था गर्नुपर्ने तथा उडान सञ्चालन सम्बन्धित सम्पूर्ण कार्य उक्त अधिकारीमार्फत गर्नुपर्ने छ । यस्तै पहाडी क्षेत्रका विमानस्थलका साथै सम्पूर्ण स्टोल विमानस्थलको सञ्चालन समय पुनरावलोकन गर्ने तथा बाटोको मौसमको उपलब्धताबारे अध्ययन गर्न प्राधिकरणका उपमहानिर्देशकको संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गर्ने निर्णय भएको प्राधिकरणले विज्ञप्तिमार्फत जनाएको छ ।

# दुई वटा विद्यालय भवन पहिरोको उच्च जोखिममा



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३२ साउन

केही दिनदेखि परेको अविरल वर्षाको कारण सुर्खेतमा दुई वटा विद्यालय भवन पहिरोको उच्च जोखिममा परेको छ । जिल्लाको सिम्ता गाउँपालिका-१ गान्द्रास्थित खनेटाको भगवती माध्यमिक विद्यालयका दुई वटा भवन पहिरोको जोखिममा परेको हो ।

विद्यालय पहिरोको जोखिममा परेपछि पठनपाठनमा समस्या भएको छ । २०७७/०७८ मा खनिएको सडकले विद्यालयको पर्खाल भत्काएको थियो । उक्त पर्खाल भत्काएपछि विद्यालय जोखिमै रहेको थियो । त्यसपश्चात् गत २०८० साउन २७ र २८ गते परेको अविरल वर्षातले विद्यालयमुनिको माटो बगाएपछि विद्यालय झन् जोखिममा रहेको विद्यालयका प्रधानाध्यापक कर्णबहादुर राणाले जानकारी दिए ।

उनका अनुसार पहिरो झरेपछि सडकमाथि रहेको उक्त दुई वटा विद्यालय जोखिममा परेका हुन् । 'सडक खनिसकेपछि गत असोजमा परेको अविरल वर्षाले सडक भाँसियो । त्यसपछि शिवालय गाउँपालिकाका अध्यक्ष शेरबहादुर शाहीले विद्यालयको पर्खाल भत्काएर सडक बनाऊ हामी पालिकाबाट सहयोग गर्छौं त्यसपछि पक्की वाल बनाउँला भने,' अध्यक्ष शाहीको भनाइलाई उद्धृत गर्दै प्रअ राणाले भने, 'त्यसपछि केही वास्ता नै गर्नुभएको छैन । केहिदिन अघि आएको पानीले विद्यालय झन् जोखिममा परेको छ ।' प्राविधिक पक्षलाई ध्यान नदिइ डोजर लगाएर सडक निर्माण गरिँदा विद्यालय जोखिममा परेको स्थानीयहरूको आरोप छ । विद्यालय परिसरमा पहिरो जाँदा उक्त विद्यालयको पठनपाठन प्रभावित हुँदै आएको छ ।

पठनपाठन सञ्चालन गरिँदै आएका ब्लक जोखिममा परेपछि विद्यालयमा कक्षाकोठाको अभाव भएको छ । कक्षाकोठा अभाव भएका कारण पढाइमा समेत प्रभाव परेको प्रअ राणाले बताए । उनले जोखिम मोल्दै विद्यार्थीहरूलाई पढाउँदै गरेको बताए । प्रअ शाहीले विद्यालय भवन निर्माणको लागि प्रदेश सरकारसँग पहल भइरहेको बताए । उनले उक्त विद्यालय शिवालय गाउँपालिका र सिम्ता गाउँपालिकाको सिमानामा रहेकाले विद्यालय भवनमा आ-आफ्नो दाबी रहेको बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०६/३० मा दर्ता भएको **प्रा.लि. नं. ५६८०७** को **सेमिकोलन डेभ्लपर्स नेटवर्क प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०६/०१ मा दर्ता भएको **प्रा.लि. नं. २२४८९२** को **पिनाकल कन्सल्टीङ इन्जिनियर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०१**

**पञ्चाङ्ग हेल्थ होम प्रा.लि. (Panchanga Health Home Pvt. Ltd.)** को मिति २०८०/०४/२९ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पञ्चाङ्ग हेल्थ होम एण्ड फार्मेसी प्रा.लि. (Panchanga Health Home and Pharmacy Pvt. Ltd.) (प्रा.लि. नं.: १८७२९३)** कायम गर्ने गरी मिति २०८०/०४/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०१**

साविक कम्पनी **(फर्स्ट इन्टरनेशनल एजुकेशन प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर.डि. ईन्टरनेशनल एजुकेशनल प्रा.लि. (प्रा.लि. नं.: २१८८२३)** कायम गर्ने गरी मिति २०८०/०२/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लेकबेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याण, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### सेवा करार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०५/०१**

प्रस्तुत विषयमा लेकवेशी नगरपालिका कल्याण सुर्खेतको लागि तपसिलका पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|
| ०१/०८०/०८१ | मेडिकल अधिकृत | आठौं | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट एम.बि.बि.एस. (MBBS) वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |

१. **परीक्षाको किसिमः** अन्तर्वार्ता
२. **कार्यक्षेत्रः** प्राथमिक स्वास्थ्य केन्द्र दशरथपुर, लेकवेशी नगरपालिका - ४, सुर्खेत ।
३. **उमेर हदः** पुरूषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
४. **आवेदन दिने अन्तिम मितिः** २०८०/०५/१५ गते कार्यालय समय भित्र । (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म)
५. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः** नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभव सम्बन्धी कागजातको प्रतिलिपी, तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी । (प्रतिलिपी कागजातहरू अनिवार्य रूपमा उम्मेदवार स्वयंमले प्रमाणित गरेको हुनुपर्नेछ ।)
६. **पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकारको प्रचलित तलब स्केलमा थप नगरपालिकाको सुविधा सहित ।
७. **करार अवधिः** २०८० पौष मसान्तसम्म ।
८. **दरखास्त दस्तुरः** रू. १०००/-
९. **परीक्षा मितिः** पछि प्रकाशित गरिनेछ ।
१०. **दरखास्त पाइने स्थानः** लेकवेशी नगरपालिकाको कार्यालय वा नगरपालिकाको वेवसाइट www.lekbeshimun.gov.np
थप जानकारीका लागि सम्पर्कः ९८५८०७४६६६, ९८४८०३७०४१

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार
**कम्पनीः SAUDI AIRLINES CATERING COMPANY**
**शहरः Saudi Arabia, Jeddah**

पूर्व स्वीकृत मितिः २०८०/०४/३२ | चलानी नं.: ६०२०६३२२ | LT. No.: 291072

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 9 | 0 | | 1500 | ५२,९६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ८ गते (25 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



## साउदीमा रोजगारको अवसर
**कम्पनीः DELTA CJSC**
**शहरः SAUDI ARABIA**

पूर्व स्वीकृत मितिः २०८०/०४/३२ | चलानी नं.: ६०२०६३२१ | L.T. No.: 290913

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 45 | 0 | स. काममा दक्ष | 1000 | ३५,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ८ गते (25 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ०१–४५७३१००, ४५७३३००,
फ्याक्सः ४४७२६०० Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com



## "ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर

"Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food, Free Accommodation, and Transportation during recruitment process. The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! भर्ती प्रत्रियामा निशुल्क आवास, खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु व्यहोर्नेछ ।

SK*P
Resources Berhad (SKP) is a leader in plastics contract manufacturing with over 40 years of manufacturing experience in the electrical and electronics plastics industry. Starting out as Sin Kwang Plastics, we established our roots in Johor Bahru in 1974 with only two injection moulding machines. Our growth since has been phenomenal with Sin Kwang Plastics conceiving and producing a plethora of general plastic products that have become household mainstays.

**रोजगारदाता कम्पनीः एसकेपिबिएम ईलेक्ट्रोनिक्स एसडिएन बिएचडी**
Employer Company : SKPBM ELCTRONICS SDN BHD

| | | | |
|---|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०३/१४ | चलानी नंः ६०२०५६४० | एल टि नं : २६६०५१ | पून विज्ञापन |
| Pre Approval Date: 2022/06/28 | Invoice No.: 60205640 | LT No.: 266051 | Re Aadvertisment |

| सि.नं S.N. | कामदार को पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) | ६० 60 | 0 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४२,९१५ 42,915 | कम्पनीको नियम अनुसार As per the company rule | ७.५ घण्टा (रोटेटेड सिफ्ट् बेस) 7.5 Hours (Rotate shift work required) | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Note: (नोट:)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यस कारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्ने छैन।
2. All aspiring applicants are requested to attend the pre interview compulsorily as only Pre Selected candidates will be entertained for the Final Interview.
२. सबैइच्छुक आबदेकहरुलाई पूर्वचयनमा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनमा उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताकोलागि योग्य हुनेछन्।
3. All applicants will be served on "First Come First Serve" basis.
३. सबै आवेदकहरुलाई पहिलो सेवाग्राहीलाई पहिलो प्रथमिकताका आधारमा सेवा दिइनेछ ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु.५०००र( रोजगारदाताले व्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले व्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले व्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

**प्रि–अन्तर्वार्ता आईएमआर अफिस ग्वार्कोमा २०८० भाद्र ७ गते बिहिवार हुनेछ ।**
**फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८० भाद्र ९, १० र ११ गते शनिबार, आईतबार र सोमबार हुनेछ ।**
**Pre-interview is held on 24 August 2023, Thursday at IMR Office.**
**Gwarko and the final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 26, 27 & 28 August 2023. Saturday, Sunday & Monday.**

**ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।**
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्रस्पमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।**
This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.

